म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

२०७३

## बेरोजगार दर्ताको निवेदन दिने सम्बन्धी सुचना ।

## (प्रकाशित मितिः- २०७७/०४/०८)

नेपालको संबिधानको धारा ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्यन्व्यन गर्न बनेको रोजगारीको हक सम्बन्धि एन, २०७५ को दफा ११, बमोजिम प्रत्येक नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभुतिको लागिआन्तरिक रोजगारीको अबसर सिर्जना गर्न र नेपाल सरकारले कार्यन्व्यनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत म्याग्दे गाउँपालिकामा रोजगार सेवा केन्द्र स्थापना भई सञ्चालनमा आएको व्यहोरा सर्बबिदितै छ ।

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च. न.-१७५, मिति २०७७/०३/३० को पत्रानुसार आर्थिक बर्ष २०७७/७८ मा सञ्चालन गर्नको लागि रोजगारमुलक आयोजना भित्र यस म्याग्दे गाउँपालिका अन्तर्गत पर्ने सबै वडाका बेरोजगार व्यक्तिहरुले आ- आफ्नो वडा कार्यलयमा **यहि मिति २०७७ भाद्र ०७ गते भित्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को अनुसुची १ बमोजिमको ढाचाँमा** बेरोजगार व्यक्तिहरुले सम्बन्धित वडामा निशुल्क निबेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**न्युनतम रोजगारिमा संलग्न हुन चाहने व्यक्तिले २०७६ चैत्र १० गते भित्र (बन्दा बन्दि सुरु हुनु भन्दा अगाडी) नियमानुसार रोजगार सेबा केन्द्रमा निबेदन दिएका व्यक्तीले पुनः निबेदन दिन नपर्ने ।**

**आबश्यक मापदण्डहरुः**

- बेरोजगार सुचि निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ को दफा ३ अनुसार

**आबश्यक कागजातहरुः**

- हालसालै खिचिएको पासपोर्ट साइजको फटो – २ प्रति
- स्वयमले प्रमाणित गारेको नागरिकताको प्रतिलिपी- १
- सम्बन्धित बेरोजगार व्यक्तिको परिवारको नागरिकता तथा जन्म दर्ताको प्रतिलिपी – १/१
- शैक्षिक योग्यता तथा सिपमुलक तालिम हाँसिल गरेको प्रमाणपत्रको प्रतिलिपी – १ (उपलब्ध हुनेको हकमा मात्र)

**बिस्तृत जानकारिको लागिः**

मोबाइल नम्बर - ९८४५२३५६७१

फेसवुकः www.facebook.con/myagangrm

ईमेलः myagangrm@gmail.com

तथा आफ्नो वडा समितिको कार्यलयमा सम्पर्क गर्नुहोला ।

रोजगार संयोजक

प्रमुख प्रशासकिय अधिकृत